**२०७९ साल जेठ २४ गते बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने,

२. प्रदेश सरकारका सबै मन्त्रालय, आयोग तथा विशिष्ट व्यक्तिहरु रहने निकायहरुमा विशिष्ट व्यक्तिहरुको सुरक्षार्थ खटिएका अङ्गरक्षक (PSO) हरुलाई निजामती कर्मचारी सरह पोषाक भत्ता उपलब्ध गराउने,

३. प्रदेश सिंचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने,

४. चुन्वाङ्ग शान्ति संग्रहालय विकास समिति (गठन) आदेश,२०७९ स्वीकृति गर्ने,

५. तिला जनयुद्ध संग्रहालय विकास समिति (गठन) आदेश,२०७९ स्वीकृति गर्ने,

६. प्रदेश खेलकुद परिषद्को प्रस्तावित संगठन र दरबन्दी स्वीकृत गर्ने,

७. लुम्बिनी प्राविधिक विश्वविद्यालयको विधान,२०७९ स्वीकृत गर्ने,

८. प्रदेश मेडिको लिगल सेवा समन्वय समिति गठन गर्ने,

९. प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति (तेस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने,

१०. लुम्बिनी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभामा (सम्बत् २०७९ जेठ २५ गते बुधबार दिउसो १:०० बजे) सम्बोधन हुन माननीय प्रदेश प्रमुख समक्ष अनुरोध गर्ने,

११. कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयको सचिवको रुपमा अर्को व्यवस्था नभएसम्म कामकाजमा खटिनुभएका सचिव श्री यम नारायण देवकोटाको सरुवा/कामकाज समर्थन गर्ने,

१२. आर्थिक मामिला तथा सहकारी मन्त्रालयका सचिव श्री नारायण प्रसाद सापकोटा लामो विदामा रहेकोले उक्त समयावधिमा बजेट निर्माणको प्रकृयामा समन्वय, सहजिकरण र सहयोगका लागि अर्को व्यवस्था नभएसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री नरेन्द्र कुमार रानालाई थप जिम्मेवारी तोकिएकोमा उक्त विषय समर्थन गर्ने,

१३. प्रदेशको प्रशासनिक संरचना पुनरावलोकन तथा सरकारी कार्यविधि सरलीकरणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री नरेन्द्र कुमार रानाको संयोजकत्वमा प्रदेशका सबै मन्त्रालयका सचिव सदस्य रहने गरी एक कार्यदल गठन गर्ने,